**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः ०६ मार्च २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

- भारतीय निर्वाचन आयोगको पूर्ण पीठले आज पश्चिम बंगालमा विभिन्न राजनीतिक दलहरू र राज्य प्रशासनसँग बैठक गरेको छ।

- राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले भाजपामाथि पर्चा वितरण गर्ने प्रयास गरेको आरोप लगाउनु भएको छ।

- राष्ट्रपति द्रौपदी मुर्मुको हालैको उत्तर बंगाल भ्रमणको क्रममा प्रोटोकल उल्लङ्घनको आरोपको सम्बन्धमा केन्द्रीय गृह मन्त्रालयले माग गरेको स्पष्टीकरण प्रतिवेदनको जवाफ पश्चिम बंगाल सरकारले बुझाएको छ।

- इण्डियन गोर्खा जनशक्ति फ्रण्डले पश्चिम बंगाल विधानसभा चुनाव अघि नै खाँटी रैथाने नागरिकहरूको नाम मतदाताको सूचीमा समावेश गरियोस भन्ने माग गर्दै आज राज्य निर्वाचन आयोग कार्यलयमा ज्ञापन पत्र चढाएको छ।

- हिमालयन हर्टीकल्चर सोसाईटीको आयोजनामा आजदेखि खरसाङको गोर्खा जन पुस्तकालयमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ।

**निर्वाचन आयोग-बैठक**

भारतीय निर्वाचन आयोगको पूर्ण पीठले आज पश्चिम बंगालमा विभिन्न राजनीतिक दलहरू र राज्य प्रशासनसँग बैठक गरेको छ। बैठकमा आगामी चुनावको तयारी, सुरक्षा व्यवस्था र मतदाता सूचीसँग सम्बन्धित मुद्दाहरूबारे छलफल गरिएको थियो। मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको अध्यक्षतामा निर्वाचन आयुक्तहरू सुखबीर सिंह सन्धु र विवेक जोशी पनि उपस्थित थिए।

***बैठकपछि भारतीय कम्युनिष्ट पार्टी (मार्क्सवादी) को प्रतिनिधिमण्डलले एकल चरणको चुनावको माग गरेको छ। पार्टीका राज्य सचिव मोहम्मद सलीमले यदि एकल चरणको चुनाव सम्भव छैन भने, अधिकतम दुई चरणको चुनाव गरिनु पर्ने बताउनु भयो। उनीहरूले मतदाता सूचीको विशेष गहन पुनरीक्षण (SIR) को बारेमा आयोगसँग आफ्नो असन्तुष्टि पनि व्यक्त गरे। श्री सलीमले भन्नु भयो, आयोगले मतदाता सूची तयारी प्रक्रियाको क्रममा आम मानिसहरूलाई किन दुर्व्यवहार भइरहेको छ भनेर व्याख्या गर्नुपर्छ। यसैबीच, भारतीय जनता पार्टी (भाजपा) का प्रतिनिधिहरूले बैठकमा SIR मुद्दामा छलफल नभएको बताएका छन्। पार्टी नेता जगन्नाथ चट्टोपाध्यायले यो मुद्दा सर्वोच्च अदालतमा विचाराधीन रहेको , त्यसैले बैठक मुख्यतया चुनावी माहौल र व्यवस्थामा केन्द्रित रहेको बताउनु भयो। भाजपा नेता तापस राईले राज्यमा लोकतान्त्रिक चुनाव सुनिश्चित गर्नु आयोगको जिम्मेवारी भएको र पार्टीले हिंसामुक्त र निष्पक्ष चुनावको माग गरेको बताउनु भयो। अर्का भाजपा प्रतिनिधि शिशिर बजोरियाले राज्य पुलिसको भूमिकाप्रति असन्तुष्टि व्यक्त गर्दै प्रत्येक मतदान केन्द्रमा केन्द्रीय बल तैनाथ गर्न माग गर्नु भयो। उहाँले सबै मतदान केन्द्रहरूमा वेब क्यामेरा जडान गरिनुपर्ने, क्यामेरामा खराबी देखिएमा मतदान रोक्नुपर्ने वा पुन: मतदान गर्नुपर्ने र मतदान केन्द्रमा प्रवेश गर्नुअघि पहिचान प्रमाणीकरण सुनिश्चित गर्नुपर्ने बताउनु भयो।***

***बैठकमा तृणमूल कांग्रेसका प्रतिनिधिमण्डलमा राज्यका मन्त्री फिरहाद हाकिम,चन्द्रिमा भट्टाचार्य अनि राज्य पुलिसका पूर्व महानिदेशक राजीव कुमार सामेल थिए भने भारतीय राष्ट्रिय कांग्रेसका प्रतिनिधिमण्डलले पनि बैठकमा भाग लिएका थिए। जसमा अशुतोष चट्टोपाध्यय अनि प्रदीप भट्टाचार्यसहित अन्य नेताहरूको उपस्थिति रहेको थियो।***

**मुख्यमन्त्री ममता ब्यानर्जी**

राज्यकी मुख्यमन्त्री ममता ब्यानर्जीले भाजपामाथि पर्चा वितरण गर्ने प्रयास गरेको आरोप लगाउनु भएको छ। उहाँले विरोधमा उपस्थित समर्थकहरूलाई सतर्क रहन र त्यस्ता व्यक्तिहरूलाई रंगेहात समातेर पुलिसलाई बुझाउन अपील गर्नु भएको छ। एसआईआर विरुद्ध जारी विरोधको चौथो दिन, मुख्यमन्त्रीले भाजपाले बाहिरी एजेन्सीहरू मार्फत विरोध स्थल नजिकै पर्चा वितरण गर्ने प्रयास गरिरहेको बताउनु भयो। उहाँले भन्नु भयो, यस तरिकाले अर्को राजनीतिक दलको कार्यक्रममा प्रवेश गर्नु उचित छैन र त्यसो गर्ने जो कोहीलाई पनि पक्राउ गरी पुलिसलाई बुझाउनु पर्छ। मुख्यमन्त्रीले दाबी गर्नु भयो, विरोध स्थल नजिकै पर्चा वितरण गर्ने प्रयास गर्ने व्यक्तिलाई पक्राउ गरिएको छ। उहाँले संलग्नहरूलाई पक्राउ गर्न र उनीहरू विरुद्ध एफआईआर दर्ता गर्न आग्रह गर्नु भएको छ। उहाँले यस सम्बन्धमा आवश्यक कारबाही गर्ने जिम्मेवारी राज्यमन्त्री शशि पन्जालाई दिनु भएको छ। विरोध मञ्चमा, मुख्यमन्त्रीले भाजपामाथि कडा आक्रमण गर्दै यसलाई "भोट चोर" र "कायरहरूको पार्टी" भनेर सम्बोधन गर्नु भयो। उहाँले पार्टी कार्यकर्ताहरूलाई विभिन्न क्षेत्रहरूमा भाजपाको गतिविधिहरूको निगरानी गर्न पनि आग्रह गर्नु भयो। विरोध कार्यक्रमको क्रममा मुख्यमन्त्रीले सांस्कृतिक कार्यक्रममा भाग लिनु भयो।

**सुभेन्दु अधिकारी**

विपक्षी दलका नेता शुभेन्दु अधिकारीले आज बोगडोग्रा विमानस्थलमा पत्रकारहरूसँग कुराकानी गर्नु हुँदै राज्य सरकारको ओलोचना गर्नु भयो। उहाँले निर्वाचन आयोगसमक्ष बोल्न नदिएको फिरहाद हाकिमको आरोप पूर्णतया गलत भएको बताउनु भयो। हल्दीबारीमा भाजपाको ऱ्यालीमा भाग लिनुअघि बागडोग्रा विमानस्थलमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले यो टिप्पणी गरेका हुन्। श्री अधिकारीले व्यंग्यात्मक रूपमा भन्नु भयो, यदि यो सत्य हो भने, भिडियो रेकर्डिङ सार्वजनिक गरिनुपर्छ; सत्य बाहिर आउनेछ। उहाँले आरोप लगाउनु भयो, बंगलादेशी मुस्लिम अनुप्रवेशकारीहरूको पक्षमा बोल्ने प्रयास भइरहेको छ जसको नाम सूचीबाट हटाइएको छ र जसको मुद्दा अदालतमा विचाराधीन छ। उहाँले ज्ञानेश कुमारलाई लोकतन्त्रको हत्यारा भनिएको मुद्दामा पनि आलोचना गर्नु भयो। श्री अधिकारीले राष्ट्रपतिलाई गरिएको व्यवहार वास्तवमा संविधानको हत्या रहेको बताउनु भयो। उहाँले मुख्य सचिव नन्दिनी चक्रवर्ती,पुलिस महानिदेशक, सिलगढी पुलिस आयुक्त र दार्जिलिङ जिल्ला मजिस्ट्रेटलाई तुरुन्तै बर्खास्त गर्न माग पनि गर्नु भयो।

**बंगाल- स्पष्टिकरण जवाफ**

राष्ट्रपति द्रौपदी मुर्मुको हालैको उत्तर बंगाल भ्रमणको क्रममा प्रोटोकल उल्लङ्घनको आरोपको सम्बन्धमा केन्द्रीय गृह मन्त्रालयले माग गरेको स्पष्टीकरण प्रतिवेदनको जवाफ पश्चिम बंगाल सरकारले बुझाएको छ। आफ्नो जवाफमा, राज्य सरकारले कुनै पनि त्रुटि अस्वीकार गर्दै स्थानीय अधिकारीहरूले स्थापित प्रक्रियाहरू पालना गरेको बताएको छ।

***स्रोतका अनुसार, गृह मन्त्रालयले आइतबार बिहान राज्यका मुख्य सचिव नन्दिनी चक्रवर्तीको कार्यालयबाट प्रतिवेदन माग गरेको थियो र जवाफको लागि सोही दिन साँझ ५ बजेको समयसीमा तोकेको थियो। राज्य सचिवालयका एक अधिकारीले मन्त्रालयलाई विस्तृत प्रतिवेदन पठाइएको पुष्टि गरे, तर विवरणहरू खुलाएका छैनन्। अधिकारीका अनुसार, मन्त्रालयले उठाएका सबै प्रोटोकल-सम्बन्धित मुद्दाहरूमा चरणबद्ध स्पष्टीकरण प्रदान गरिएको थियो। यसअघि हिज, मुख्यमन्त्री ममता ब्यानर्जीले पनि यस विषयमा जवाफ दिंदै राष्ट्रपतिलाई बागडोग्रा विमानस्थलमा आइपुग्दा प्रोटोकल अनुसार स्वागत गरिएको बताउनु भएको थियो। मुख्यमन्त्रीका अनुसार, सिलगढी नगर निगमका मेयर गौतम देव, दार्जिलिङ जिल्ला मजिस्ट्रेट र सिलगढी महानगर पुलिस आयुक्त उपस्थित थिए। उहाँले भन्नु भयो, मुख्यमन्त्रीको हैसियतमा उहाँलाई स्वागत गर्ने वा कार्यक्रमको मञ्चमा उपस्थित हुने कुनै पूर्व योजना थिएन, त्यसैले प्रोटोकल उल्लंघनको प्रश्न नै उठ्दैन। राष्ट्रपति मुर्मु सुरुमा शुक्रबार दिउँसो उत्तर बंगाल आइपुग्ने कार्यक्रम थियो, तर कारणवश कार्यक्रम स्थगित गरियो। त्यसपछि उहाँ शनिबार बिहान लगभग ११ बजेर ३० मिनटमा बागडोगरा विमानस्थल आइपुग्नु भयो। राष्ट्रपतिको दार्जिलिङ जिल्ला अन्तर्गत फाँसीदेवा क्षेत्रमा आदिवासी समुदायको लागि आयोजित कार्यक्रममा भाग लिने कार्यक्रम थियो, तर पछि कार्यक्रम स्थल परिवर्तन गरी गोसाईपुर लगियो। कार्यक्रम स्थल परिवर्तनको विवादमा राष्ट्रपतिले पनि आफ्नो असन्तुष्टि व्यक्त गर्नु भएको थियो।***

**भाजपा युवा - दार्जीलिङ**

भारतीय जनता युवा मोर्चाको पूर्वघोषित कार्यक्रम "युवा अड्डा" अन्तर्गत आज दार्जीलिङ विधानसभा क्षेत्रको रिम्बिक–लोदोमा, १ नम्बर मण्डलमा कार्यक्रम सम्पन्न भएको छ। रोजगारीको अधिकार, हरेक युवाको आधार – त्यसैले भाजपा सरकार" भन्ने मूल मन्त्रलाई आत्मसात गर्दै युवाहरुलाई जागरूक गराउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको आयोजकले बताएको छ। कार्यक्रममा युवाहरुलाई रोजगारी, अवसर तथा विकाससम्बन्धी विषयमा सचेत गराइएको थियो। भाजयुमोले जानकारी दिए अनुसार "युवा अड्डा" अभियान अब दार्जीलिङ जिल्लाको सबै मण्डलहरूमा क्रमैसँग सञ्चालन गरिनेछ। कार्यक्रममा सहभागी युवाहरूले पश्चिम बंगालमा परिवर्तन आवश्यक रहेको धारणा व्यक्त गर्दै भ्रष्टाचार र असमानताविरुद्ध युवाहरू एकजुट हुनुपर्ने बताएका थिए। उनीहरूले राज्यमा धेरै रिक्त पद भए पनि युवाहरूले रोजगारी पाउन नसकेको गुनासो व्यक्त गरे। यस अवसरमा वक्ताहरूले सहयोगवाद र तानाशाही प्रवृत्तिका कारण युवाहरू पछि परेको आरोप लगाउँदै अब युवाहरू आफैं अगाडि आएर परिवर्तनको आवाज उठाउनु पर्ने बताएका थिए। दार्जीलिङ १ नम्बर मण्डलका युवाहरूको सहभागितामा सम्पन्न कार्यक्रम भाजयुमो दार्जीलिङ जिल्ला अध्यक्ष नीरज राईको अगुवाइमा सम्पन्न भएको थियो।

**आईजीजेएफ- ज्ञापन पत्र**

इण्डियन गोर्खा जनशक्ति फ्रण्डले पश्चिम बंगाल विधानसभा चुनाव अघि नै खाँटी रैथाने नागरिकहरूको नाम मतदाताको सूचीमा समावेश गरियोस भन्ने माग गर्दै आज राज्य निर्वाचन आयोग कार्यलयमा ज्ञापन पत्र चढाएको छ। हिजो इण्डियन गोर्खा जनशक्ति फ्रण्टको चार सदस्यीय प्रतिनिधि टोली कोलकता प्रस्थान भएका थिए। जसमा आईजीजेएफको श्रमिक संगठनका अध्यक्ष डी.के. गुरूङ,पार्टी कार्यलय सचिव भीम सुनाम,तराई डुवर्स पार्टी कोअर्डिनेटर आयुष अधिकारी र डुवर्सबाट रंजीत लकडा सामेल रहेका थिए। उनीहरूले आज दिउँसो कोलकताको राज्य निर्वाचन आयोग कार्यलयमा पश्चिम बंगाल विधानसभा चुनाव अघि नै यहाँ खाँटी रैथाने नागरिकहरूको पूनः मतदाता सूचीमा समावेश गरिनु पर्छ भन्ने माग गर्दै ज्ञापन पत्र सुम्पिएका छन्।

**सिलगढ़ी- परियोजना**

मुख्यमन्त्रीद्वारा सुरु गरिएको राज्य सरकारको विकास योजना "हाम्रो गाउँ,हाम्रो समाधान" अन्तर्गत सिलगढी नगर निगममा नयाँ नागरिक सेवाहरू सुरु गरिएको छ।लगभग १९ लाख ३२ हजार १ सय ९६ रूपियाँको वित्त पोषित यो परियोजना औपचारिक रूपमा नगर निगम परिसरबाट सुरु गरिएको थियो। सिलगढी नगर निगमको वार्ड नम्बर ६ मा जनस्वास्थ्य र आपतकालीन सेवाहरू सुधार गर्न एम्बुलेन्स प्रदान गरियो। जनस्वास्थ्य र आपतकालीन सेवाहरूलाई अझ बढाउन, नागरिक सेवाहरूलाई अझ छिटो र प्रभावकारी बनाउन क्रमशः वार्ड नम्बर ३२ र १९ मा सरसफाइ कार्यको लागि दुई नेट भ्यान र तीन टोटोहरू पनि सुरु गरिएको छ। आज सिलगढीका मेयर गौतम देवले यी सबै सेवाहरूको उद्घाटन गर्नु भयो। यो पहलले क्षेत्रमा स्वास्थ्य सेवा, आपतकालीन सुविधाहरू र सरसफाइलाई सुदृढ पार्ने अपेक्षा गरिएको छ।

**भागोप्रमो – कर्मी सभा**

चुङथुङ मेरिबुङ तामसाङ समष्टि अन्तर्गत मखमली भवनमा भारतीय गोर्खा प्रजातान्त्रिक मोर्चाको कर्मी सभा सम्पन्न भयो। सभामा भागोप्रमो दार्जीलिङ समष्टि क्षेत्रका सम्भावित उम्मेदवार बिजय कुमार राई, सभासद सन्दिप छेत्री, भागोप्रमो दार्जिलिङ महकुमा कमिटीका अध्यक्ष आलोक कान्तमणी थुलुङ लगायत पार्टी कार्यकर्ताहरूको उपस्थिति थियो। ललित तामाङद्वारा सञ्चालित सभामा बिजय कुमार राईले आफु विजय भएपछि पुल बिजनबारी ब्लक ठुलो भएको कारण यसलाई तीन भागमा विभाजन गरेर जनतालाई सुविधा प्रदान गर्ने बताउनु भयो।

**खरसाङ- पुष्प प्रदर्शनी**

हिमालयन हर्टीकल्चर सोसाईटीको आयोजनामा आजदेखि खरसाङको गोर्खा जन पुस्तकालयमा तीन दिवसीय पुष्प प्रदर्शनी शुरू भएको छ। जसको उद्घाटन आज जीटीएका मुख्य कार्यपाल अनित थापाका प्रमुख सल्लाहकार तथा भागोप्रमो महासचिव अमर लामाले गर्नु भयो। फुल उत्पादकहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले आजदेखि तीन दिवसीय पुष्प प्रदर्शनी गरिएको

सोसाईटीका अध्यक्ष रामप्रसाद प्रधान अनि सचिव पासाङ लेप्चाले जानकारी गराएका छन् । प्रदर्शनीमा विभिन्न प्रजातिका सिम्बेडियम, प्राकृतिक सुनखरी, मौसमी फूल, क्याकटस, विभिन्न प्रजातिका प्लान्टहरू राखिएको उनीहरूले बताएका छन्। यसका साथै प्रदर्शनीमा प्रतियोगिता पनि समावेश गरिएको छ। कार्यक्रममा चिम्नी देवराली 28 नम्बर समष्टिका सभासद श्याम शेर्पाको पनि उपस्थिति रहेको थियो।

**धोतरिया – सड़क निर्माण**

गोर्खाल्याण्ड क्षेत्रीय प्रशासनको रङबुल–धोतरिया–रङमुक समष्टि अन्तर्गत पर्ने धोतरिया बालासन जुम्ला गाउँमा कालोपत्रे सडक निर्माण कार्य सुरु भएको छ। स्थानीय बासिन्दाका अनुसार गाउँ राजनैतिक दृष्टिले लामो समयदेखि ओझेलमा परेको थियो। आधारभूत पूर्वाधारको अभावका कारण यहाँका बासिन्दाले वर्षौंदेखि यातायात र दैनिक जीवनमा कठिनाइ भोग्दै आएका थिए। गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मुख्य कार्यपाल अनित थापा साथै क्षेत्रीय सभासद राजेश चौहानको पहलमा गाउँमा कालोपत्रे सडक निर्माण सुरु भएको स्थानीयहरूले बताएका छन्।सडक निर्माण कार्य सुरु भएसँगै स्थानीयहरूमा उत्साह देखिएको छ। सडक निर्माण भएपछि यातायात, शिक्षा, स्वास्थ्य सेवा र व्यापार–व्यवसायमा ठूलो सहजता आउने अपेक्षा गरिएको छ।

**अम्बिका थापा - सम्मानित**

उद्घोषिका एवं कलाकार अम्बिका थापालाई मिरिकको महिलाहरूको सक्रिय सामाजिक संस्था पारिजात संघले नारी दिवसको अवसरमा नारी गौरव सम्मान 2026 ले सम्मानित गरेको छ। संघकी सचिव प्रमिला सुब्बा लगायत संघका प्राधिकारीगण एवं सदस्यहरूको विशेष उपस्थितिमा उहाँलाई सम्मानित गरिएको हो। यस अवसरमा श्रमती थापालाई प्रशस्ति पत्र साथै खदा माला पहिराएर सम्मानित गरियो। स्मरण रहोस्, श्रीमती अम्बिका थापाले विगत धेरै वर्षदेखि विभिन्न कार्यक्रमहरू सफल सञ्चालन गर्दै आइरहनु भएको छ भने विभिन्न चलचित्रहरूमा आफ्नो अभिनय गरिसक्नु भएको छ। पछिल्लो समय मिरिकबाट निर्मित हाँस्य टेली श्रृंखला अमुईनी- मा उनले लुप्रि माम- को भुमिका निर्वाह गर्दै आइरहनु भएको थियो। यस क्रममा विभिन्न क्षेत्रमा कार्य गर्दै आइरेकी मिरिककी अन्य नारीहरूलाई पनि संघले स्मृति चिन्ह प्रदान गरेर सम्मान जनाएको थियो। यता आफू सम्मानित भएपछि श्रीमती थापाले पारिजात संघप्रति आभार प्रकट गर्नु हुँदै आफूले थप जिम्मेवरी प्राप्त गरेको बताउनु भएको छ।

**********